☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
BESISHAHAR MUNICIPALITY

# नगर कार्यपालिकाको कार्यालय

Office of The Municipal Executive

बेसीशहर, लमजुङ
BESISHAHAR, LAMJUNG
२०७३ (2017 AD.)

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

## (बेलौती बिसौना खण्डको खरखरे पहिरो क्षेत्रको उत्तरतर्फको सडक व्यवस्थापनका क्रममा निस्किएको ढुंगा संकलन गरी बिक्री गर्ने सम्बन्धी)

# सूचना । सूचना ।। सूचना ।।।

(सूचना लागू हुने मितिः २०८२।१०।२९)

प्रस्तुत विषयमा यस कार्यलयको मिति २०८२।१०।२३ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार श्री डुम्रे बेसीशहर चामे सडक आयोजना मार्फत संचालन भएको बेसीशहर नगरपालिका वडा नं. ६ स्थित बेलौती बिसौना सडक खण्डको खरखरे पहिरोको उत्तरतर्फको सडक ब्यवस्थापन कार्य गर्दाका वखत निस्किएको प्राबिधिक नापजाँचबाट प्राप्त कूल ९२ घनमिटर परिमाण वराबरको ढुंगा भ्याट वाहेक न्यूनतम अंक रु. ३०,०००।- (तीस हजार) कायम गरी लिलाम वढाबढ गरी बिक्री गर्न लागिएकोले उक्त सामाग्री संकलन गरी विक्री गर्न चाहने कानूनी प्रकृया पुरा गरेका फर्म वा कम्पनी वा ब्यक्तिहरुले आफूले कबोल गरेको अंक सहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८२।११।०६ गते मंगलवार दिनको १२.०० बजेभित्र (सो दिन विदा पर्न गएमा सोको भोलिपल्ट) निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

## शर्तहरु

१. निवेदन पेश गर्दा फर्मको नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी तथा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित आफूले संकलन गर्न चाहेको स्थानको परिमाणको कवोल रकम तथा घाटगद्दी गरिने स्थान समेत उल्लेख गरी सक्कलै खामबन्दी निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
BESISHAHAR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
बेसीशहर, लमजुङ
BESISHAHAR, LAMJUNG
२०७३ (2017 AD.)
(खरिद शाखा)

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

२. उक्त परिमाणको ढुंगा तथा ग्राभेल संकलन गर्दाको समयमा प्रयोग हुने सवारी साधनहरुको विवरण सम्झौताका वखत दिनुपर्नेछ । यस कार्यालयमा पेश हुन आएका सवारी साधनहरु वाहेक अन्य सवारी साधनहरु नदीजन्य पदार्थ संकलन तथा ओसार पसारको क्रममा प्रयोग गर्न पाइने छैन ।

३. पेश हुन आएका निवेदनहरु मध्ये सबैभन्दा बढी कवोल भएको रितपूर्वक पर्न आएका निवेदन छनौट गरी उल्लेखित परिमाण मात्र संकलन गर्न पाउने गरी निश्चित समयको लागि अनुमति प्रदान गरिनेछ । छनौट भएको सूचना पाएको सात दिन भित्र यस कार्यालयमा उपस्थित हुनु पर्नेछ । अन्यथा, यस कार्यालयको निर्णयानुसार हुनेछ ।

४. आफूले कबोल गरेको रकम र सोको लाग्ने मु. अ. कर तथा आयकर समेत सम्झौताका वखत यस कार्यालयमा बुझाउनु पर्नेछ वा यस कार्यालयको बैंक खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

५. यस कार्यालयबाट तोकिएको परिमाण भन्दा बढी र तोकिएको स्थान तथा क्षेत्रभन्दा वाहिरको स्थानहरुबाट अनुमति विना कुनैपनि नदीजन्य तथा प्रकृतीजन्य सामाग्रीहरु संकलन गर्न पाइने छैन ।

६. वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन । वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी संकलन तथा विक्री गर्नु पर्नेछ ।

७. यस सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

८. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत